भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश,
२०७३

पत्र संख्याः राजश्व २०८०/०८१

## आन्तरिक आय संकलनतर्फको शिलबन्दी दरखास्त आव्हानको सूचना

( दोश्रो पटक प्रकाशित मिति :– २०८०।०४।१२)

भजनी नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८०।०४।०४ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि राजश्व संकलन कार्य ठेक्काद्वारा गर्नुपर्ने भएकाले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरखास्त पेश गर्न सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि कार्यालयको वेभ-साईट www.bhajanimun.gov.np तथा राजश्व उप-शाखाबाट प्राप्त गर्न सकिने छ ।

तपसिल :

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रकम रु. (कर सहित) | फाराम दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १ | राजश्व ३-२०७९/०८० | गुलरिया घाट, मोहना नदी, भजनी-५ | १५,२१,०००।-(पन्ध्र लाख एक्काइस हजार मात्र ) | १,०००/- | २०८१ असार मसान्तसम्म |
| २ | राजश्व ६-२०७९/०८० | हलौना घाट, मोहना नदी, भजनी-७ | ६,५१,१५१।-(छ लाख एकाउन्न हजार एक सय एकाउन्न मात्र ) | १,०००/- | " " |

ठेक्का सम्बन्धी शर्तहरु :

२१. सिलबन्दी दरखास्त आव्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०८०/०४/२६ गते सम्मको कार्यालय समय भित्र राजश्व शाखामा तोकिएको रकम (पछि फिर्ता नहुनेगरी) नगद बुझाई दरखास्त फाराम खरिद गरि १६ औं दिन मिति २०८०/०४/२७ गतेको दिउसो १२:०० बजे भित्र भजनी नगरकार्यपालिकाको कार्यालय राजश्व शाखामा दर्ता गरि सक्नुपर्ने छ । उक्त सिलबन्दीहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्तदाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन । अन्तिम दिन सार्बजनिक बिदा परेमा सो पछिको कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

२२. शिलबन्दी दरखास्त खरीद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमशःलगतै कार्यालय खुलेको मा हुनेदिन।

२३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र, नविकरण, मु.अ. कर, स्थायी लेखा नं.(पान न.) र कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

२४. शिलबन्दी दरखास्त खाम बाहिर ठेक्का नं., विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

२५. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

२६. दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको न्युनतम रकमको नेपाली नागरिक भए ५ (पांच)प्रतिशत र गैर नेपाली नागरिक भएमा १० (दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिका कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं. ४१५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

२७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम एकमुष्ट यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ४१५०१००३०१०१०००२ मा दाखिला गरी पट्टा उठाउनु पर्नेछ ।

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

फोनः- ०९१-५६०१०१

भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सख्याःराजश्व २०८०/०८१

२८. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्ने छ | कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।

२९. म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन ।

३०. पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३१. ठेकेदारले नेपाल सरकार तथा भजनी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

३२. पट्टापुर्जामा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

३३. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन । तर विशेष परिस्थिती विपद, महामारी जस्तामा नगरपालिकाको नियमानुसार हुनेछ ।

३४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३५. डुंगा/नाउँ संचालन गर्दा यात्रु अनुसारको लाइफ ज्याकेट ठेकेदार स्वयमले व्यवस्था गर्नु पर्नेछ ।

३६. सरकारी कर्मचारी, भिन्न क्षमता भएका व्यक्ति, विद्यार्थी, विरामी, बृद्ध/वृद्धा, गर्भवती महिला, शिक्षक, जनप्रतिनिधि, र अतिविपन्न व्यक्तिहरुलाई निःशुल्क उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

३७. सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

३८. ठेकेदार आफैले छपाएको नगदी रसिद यस कार्यालयबाट प्रमाणित गराएर यात्रुहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

३९. यात्रुहरुबाट नाउँ (डुंगा) उतराही शुल्क वापत २०८० श्रावण देखि २०८१ असार मसान्त सम्म अटो रिक्साको रु ८०।-, मोटर साइकलको रु ३०।-,साइकलको रु २०।-, र पैदल प्रतिव्यक्ति को रु १०।- सबैले देख्ने गरी दर रेटको साइन बोर्ड राख्नुपर्नेछ ।

४०. मोहना नदि पारी जग्गा भएका नेपाली नागरिकहरुलाई कृषि प्रयोजनको लागि आवतजावत गर्न निशुल्क उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

नोखिराम ओली

प्रमुख प्रशासकीय अधिकृत

खिराम ओली

प्रशासकीय अधिकृत